नेपाल सरकार
गृह मन्त्रालय

# नेपाल प्रहरी अस्पताल

डा.बा.मेडिकल डाईरेक्टर
डा.दिनेश चन्द्र पोखेल
प्र.मा.म.नि.

महाराजगञ्ज, काठमाण्डौ

## बिरामी रासन खरिद बन्दोबस्त सम्बन्धी सिलबन्दी वोलपत्र आब्हान

(प्र.प्र.का.आ.प्र.महाशाखाबाट गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति २०७३/०७/१९ गते)

नेपाल प्रहरी अस्पताल महारागञ्जमा उपचारार्थ बेड भर्ना हुने बिरामीका लागि २०७३ साल माघ १ गतेदेखि २०७४ साल पौष मसान्त सम्म वर्ष १ (एक) को निमित्त चाहिने निर्धारित स्केलबमोजिमको बिरामी रासनको खरिद बन्दोबस्त गर्नुपर्ने भएकोले बिरामीहरुलाई रासन खुवाउन ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही रासन खरिद सिलबन्दी वोलपत्र पेश गर्नहुन वा E-bidding मार्फत् Bid गर्नुहुन सर्वसाधारणको जानकारीको लागि रासन खरिद बन्दोबस्त सम्बन्धी वोलपत्र आब्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| सि. न. | बोलपत्र नं. | कार्य बिबरण | खरिद गर्ने स्थान | दर्ता गर्ने कार्यालय | बैंकको नाम /खाता नं. | बिडबण्ड रकम |
|---|---|---|---|---|---|---|
| १ | ०६ ( २०७३/०७४) | दैनिक १५० शैयाको वार्षिक सङ्ख्या ५४,७५० का निमित्त चाहिनेनिर्धारितस्केलबमोजिमको बिरामी रासन आपूर्त्ति कार्य | नेपाल प्रहरी अस्पताल महाराजगञ्ज, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ र को.ले.नि.का. लैनचौर | नेपाल प्रहरी अस्पताल महाराजगञ्ज | राष्ट्रिय बाणिज्य बैंक ठमेल शाखामा रहेको कार्यालय कोड नं. २७-३१४-०९ को धरौटी खाता नं ११००२०३ | रु ४,९०,०००.०० |

१. वोलपत्र फारम खरिद गर्न चाहने ईच्छुक नेपाली आपूर्त्तिकर्ताले नोटरी पब्लिकबाट प्रमाणित गरी आबश्यक कागजातहरु नेपाली नागरिकताको प्रमाणपत्र, फर्म, संस्था वा कम्पनी दर्ता प्रमाण पत्र, ब्यबसाय दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र , आ.ब. २०७२/०७३ को कर चुक्ता प्रमाणपत्र वा आ.ब. २०७१/०७२ को कर चुक्ता प्रमाणपत्र र कर विवरण पेस गरेको कागजातहरुको प्रतिलिपि वा म्याद थपको प्रमाणीत प्रतिलीपी तथा लिखित आवेदनसहित दस्तुर रु. ३,००० (अक्षेरेपी रु तीन हजार) (फिर्ता नहुने गरी) यस कार्यालयको कोड नं. २७-३१४-०९ तथा राजश्व खाता नं. १-१-००१ बाट नेपाल सरकारको राजश्व शिर्षक नं. १४२२७ मा नगदै जम्मा गरेको दोश्रो प्रति सक्कल भौचर वा सम्बन्धित कार्यालयहरुमा नगदै जम्मा गरी सूचना प्रकाशित भएको मितिदेखि २०७३।०८।१९ गते कार्यालय समयसम्म जिल्ला प्रशासन कार्यालय काठमाण्डौ, श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, लैनचौर र नेपाल प्रहरी अस्पताल महाराजगंज काठमाण्डौ आर्थिक प्रशासन शाखाबाट खरिद गर्नसकिने छ ।

२. बिरामी रासनतर्फको सिलबन्दी वोलपत्रहरु सूचना प्रकाशित भएकै दिनदेखि मिति २०७३ साल मंसीर २० गते दिनको १२:०० वजेसम्म नेपाल प्रहरी अस्पताल आर्थिक प्रशासन शाखामा दर्ता गराई सक्नुपर्ने छ । दर्ता हुनआएका रीतपूर्वकका सिलवन्दी वोलपत्रहरु सोही दिनको १३:०० वजे यस अस्पतालमा वोलपत्र खोल्ने कार्यको लागि उपस्थित प्रतिनिधि, वोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधीको रोहवरमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थीत नभए पनि वोलपत्र खोल्न बाधा पर्नेछैन । वोलपत्र खरीद गर्ने, दाखिला गर्ने र खोलिने दिन कारणवस कुनै सार्वजनिक विदा परेमा सोको भोली पल्ट वा कार्यालय खुलेको दिनमा माथि

उल्लिखित स्थान र समय भित्र बोलपत्र दर्ता र खोलिने छ । पूर्व निर्धारित मितिमा कारणवश बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अबधिको गणना पूर्व निर्धारित मितिदेखि नै गरिने छ ।

३. बोलपत्र पेस गर्ने अन्तिम मिति र समय भुक्तान हुनु २४ घण्टा अघि बोलपत्रदाताले कार्यालयमा पेस गरेको बोलपत्र संशोधन वा सो फिर्ता लिन सिलबन्दी गरी लिखित सूचना दिनसक्ने छ । बोलपत्र दाताले यस्तो सूचना दिँदा बोलपत्रको बिषय, बोलपत्र पेस गरेको कार्यालय वा अधिकारीको नाम र ठेगाना बोलपत्र संशोधन गरिएको वा फिर्ता माग गरिएको र समयमा मात्र खोल्नु पर्ने ब्यहोराहरु सिलबन्दी खाम बाहिर लेखिएको हुनुपर्ने छ । बोलपत्र खोल्ने दिन र समयमा मात्र खोल्नुपर्ने ब्यहोराहरु सिलबन्दी खाम बाहिर लेखिएको हुनुपर्ने छ ।

४. बोलपत्र पेस गर्नु पूर्व बोलपत्रदाताहरुको बैठक मिति २०७३ साल मंसीर १० गते शुक्रबार १३:०० बजे यस अस्पतालमा आयोजना गरिने छ । उक्त दिन उपस्थित हुन र सबै सम्भाबित बोलपत्रदाताहरुले उक्त मिति अगावै बोलपत्र सम्बन्धी कागजात खरिद गर्न उपयुक्त हुने कुरा जानकारी गराइन्छ ।

५. नेपाली नागरिकले पेस गरेको बोलपत्र मात्र मान्य हुने छ र बोलपत्र फारम भरी पेस गर्दा नेपाली नागरिकताको प्रमाणपत्र, फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र र , आ.ब. २०७२/०७३ को कर चुक्ता प्रमाणपत्र वा आ.ब. २०७१/०७२ को कर चुक्ता प्रमाणपत्र र कर विवरण पेस गरेको कागजातहरुको प्रतिलिपि वा म्याद थपको प्रमाणीत प्रतिलीपी र स्वःघोषणा पत्र अनिवार्य पेस गर्नुपर्ने छ ।

६. अन्य व्यवसायको लागि दर्ता भएको प्रमाणपत्र प्राप्त व्यक्ति वा फर्मले खाद्य सामाग्री आपूर्त्तिको लागि पनि अनुमति थप भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिवार्यरुपमा बोलपत्र फारमसाथ पेस गर्नुपर्ने छ ।

७. म्याद नाघी प्राप्त भएका बोलपत्र वा रीत नपुगेका वोलपत्रउपर कुनै कारबाही गरिने छैन । साथै सम्बन्धित कार्यालयबाट बिक्रीबितरण भएको वोलपत्र फारम मात्र मान्य हुने छ । एक व्यक्ति, फर्म, संस्था वा कम्पनिको नाममा खरिद गरेको वोलपत्र फारम अर्को व्यक्ति, फर्म, संस्था वा कम्पनिको नामबाट दाखिला गर्न पाइने छैन ।

८. बोलपत्र साथ पेस गरिएको प्रतिलिपि कागजातहरु नोटरी पब्लीकबाट प्रमाणित गरि पेस गर्नुपर्ने र सोबाट सम्भव नभएमा आफैंले प्रमाणित गरि पेस गर्नुपर्ने छ । आफैंले प्रमाणित गरेकोमा रुजु गर्ने प्रयोजनको लागी सक्कल प्रति समेत पेश गर्नुपर्ने छ ।

९. वोलपत्रदाताले बोलपत्र सम्बन्धी कुनै पनि कागजातमा उल्लेखित शर्तहरुको प्रतिकुल हुनेगरी कुनैपनि शर्त थप गर्न पाइने छैन ।

१०. सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सूचीमा राखेका व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले वोलपत्रमा भाग लिनपाउने छैनन् । कुनै वोलपत्रदाताले सार्वजनिक खरिद ऐन, खरिद सम्झौता तथा खरिद सम्बन्धी कागजातमा उल्लेख भएको दायित्व पालना नगरेमा त्यस्ता बोलपत्रदाताहरुलाई कालो सूचीमा राख्न सिफारिस गरिने छ ।

११. बोलपत्र पेस गर्दा बोलपत्र जमानतबापत बोलपत्रदाताले माथि उल्लिखित खातामा नगदै जम्मा गरेको सक्कलै भौचर वा नेपाल सरकारको (क) श्रेणीको इजाजत प्राप्त बाणिज्य बैंकबाट नियमानुसार जारी भएको बोलपत्र जमानतको मान्य अबधि बोलपत्रको मान्य अवधी भन्दा ३० दिन बढी भएको हुनुपर्ने छ ।

१२. बोलपत्रको मान्य अवधी दाखिला गर्ने अन्तिम मितिबाट गणना हुने गरी ९० दिनको हुने छ ।

१३. बोलपत्रदाताले बोलपत्रसाथ रासन आपूर्त्ति सम्बन्धी काम गरेको अनुभव हासिल गरेका बोलपत्र दाताहरुले बिगत ३ (तीन) आ.ब.हरु (२०७० ⁄ ०७१ , २०७१ ⁄ ०७२ र २०७२ ⁄ ०७३) मध्ये कुनै एक आ.ब.मा कुनै सुरक्षा निकायमा

सन्तोषजनक रुपमा रासन आपूर्त्ति गरेको वा गरिरहेको प्रमाण कागजातको प्रतिलिपि पेस गर्नुपर्ने र बिगत तीन आ.ब. मध्ये कुनै एक आ.ब.मा न्यूनतम रु.८५,००,०००।- (पचासी लाख) रकमको कार्यअनुभव हुनुपर्ने छ ।

१४. बोलपत्र सम्वन्धी कागजातको परिमाणसहितको मूल्य सूची भर्दा मूल्य अभिबृद्धीकरबाहेकको प्रति दिन प्रति बिरामीको आइटमवाइज (Item-wise) दर अङ्क र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्ने छ । अङ्क र अक्षरमा लेखिएको दररेट फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइने छ । केरमेट वा टिपेक्सको प्रयोग भएमा वोलपत्रदाताको सहिछाप भएको हुनुपर्ने छ ।

१५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नेपाल प्रहरी अस्पतालमा सुरक्षित रहने छ ।

१६. बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेसा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा-पत्र बोलपत्र साथ पेस गर्नुपर्ने छ ।

१७. रासन खरिद बन्दोबस्त "सार्वजनिक खरिद ऐन, २०६३"(संसोधन सहित) र "सार्वजनिक खरिद नियमावली, २०६४" तथा अन्य सम्वन्धित प्रचलित ऐन नियमावलीबमोजिम र माथि उल्लेखित शर्तहरुको अधिनमा रहि गरिने छ ।

१८. बिद्युतिय बोलपत्र (E-Bidding) बाट बिरामी रासन खरिद बन्दोबस्त गर्न निम्न प्रकृया अपनाउनुपर्ने छ ।

१८.१. सिलबन्दी बोलपत्रको दर्ता गर्ने समय भित्र E-Bidding दर्ताको लागि Upload गरिसक्नुपर्ने छ ।

१८.२. E-Bidding मा भाग लिने बोलपत्रदाताहरुले यस कार्यालयबाट प्रकाशित सुचना सार्बजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np मा सुचना र बोलपत्र सम्बन्धि कागजात प्राप्त गर्नसकिने छ ।

१८.३. E-Bidding मा बोलपत्रसाथ पेस गर्नुपर्ने कागजातहरु उल्लेखित Portal मा Scanned Copy PDF Format मा Upload गर्नुपर्ने छ । साथै बोलपत्र फारम दस्तुरबापतको रकम माथि उल्लेखित राजश्व शिर्षकमा जम्मा गरेको भौचरको Scanned Copy समेत Upload गर्नुपर्ने छ ।

१८.४. E-Submission गर्ने बोलपत्रदाताहरुले बोलपत्र खोल्ने समय वा बोलपत्र खोलेको ५ (पाँच) दिन भित्र Upload गरिएका कागजातहरुको सक्कल प्रति (Hard Copy) वा सो को प्रतिलिपी (राजश्व, धरौटी वा बोलपत्र जमानतको पत्र सक्कलै) तोकिएबमोजिम प्रमाणित गरी रासन नमुनासहित अनिवार्य पेस गर्नुपर्ने छ ।

१८.५. बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएबमोजिमका कागजातहरुको प्रमाणित प्रतिलिपिहरु पुरै Upload नगरी आंशिक Submit गरेको पाइएमा उक्त बोलपत्रहरु अयोग्य भएको मानिने छ ।

१८.६. बोलपत्रदाताको बिद्युतिय बोलपत्र खोल्ने समयमा निजको बोलपत्र Upload भएको, Upload भएको कागजात स्पष्ट सँग नबुझिएमा वा Download हुन नसकेमा/नभएमा Download भएको कागजात नखुलेमा कार्यालय जवाफदेहि हुनेछैन ।

१८.७. एउटै खरिद बन्दोबस्तमा एकै बोलपत्रदाताले सिलबन्दी बोलपत्र वा बिद्युतिय बोलपत्रहरु (E-Bidding) मध्ये कुनै एक माध्यमबाट बोलपत्र पेस गर्नसक्ने छन् । एउटै खरिद बन्दोबस्तमा दुवै प्रणाली प्रयोग गरी बोलपत्र पेस गरेमा बोलपत्र स्वतः रद्द हुने छ ।

१९. बोलपत्र सम्बन्धी थप बुझ्नुपरेमा कार्यालय समय भित्र यस अस्पतालको आर्थिक प्रशासन शाखाको फोन नं. ०१-४४१२५३० मा सम्पर्क राख्नसकिने छ । बोलपत्र सम्बन्धी सूचना नेपाल प्रहरीको Website: www.nepalpolice.gov.np यस अस्पतालको Website: www.nph.nepalpolice.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: www.ppmo.gov.np मा पनि हेर्नसकिने छ ।

२०. सबै बोलपत्रदाताहरुले सडिगलि जाँनेबाहेकका रासन आइटमहरुको नमुना अनिवार्य रुपमा पेस गर्नुपर्ने छ ।